# जिविसका उत्कृष्ट पाँच कर्मचारीहरु पुरस्कृत

जिल्ला विकास समिति र उक्त समिति अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरु मध्ये आर्थिक वर्ष २०६५/६६मा उत्कृष्ट कार्य गर्ने पाँच जना कर्मचारीहरुलाई यही भाद्र १५ गते एक समारोहको आयोजना गरि नगर रु. ३०००।- पुरस्कार र प्रमाण-पत्र प्रदान गरिएको छ। पुरस्कृत हुने पाँच जना कर्मचारीहरुमा स्थानीय विकास कोषमा कार्यरत मेसेन्जर श्री श्यामकुमार थारु, कार्यालय सहायक श्री हस्तबहादुर थापा, सुपरभाइजर श्री विष्णु प्रसाद शर्मा, राजश्व शाखाकी सहलेखापाल श्री मैनकला कार्की र सुचनाशाखाका कार्यक्रम अधिकृत श्री शरदकुमार पौडेल हुनु हुन्छ। वहांहरुलाई स्थानीय विकास विकास अधिकारी श्री केदारनाथ शर्माले नगद पुरस्कार र प्रमाण-पत्र प्रदान गर्नु भएको थियो।



यस पटक कर्मचारीहरुको मुल्यांकन गर्ने कार्य नयां ढंगबाट सम्पूर्ण कर्मचारीहरुको सामुहिक मुल्यांकनको आधारमा उत्कृष्ट पाँच जना कर्मचारीहरुको छनौट गरिएकोले विवाद रहित छनौट भएको सबै कर्मचारीहरुबाट महशुस गरिएको थियो।

**पुरस्कृत हुने कर्मचारीहरुलाई जिविस, बांके परिवार हार्दिक बधाई दिनुका साथै उत्तरोत्तर प्रगति एवं भविष्यको शुभकामना व्यक्त गर्दछ।**

